नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०८१ साउन १६ गते (३१ जुलाई २०२४) गते माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीज्यूसँग नेपालका लागि जनवादी गणतन्त्र चीनका महामहिम राजदूत श्री चेन सोङले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो।

सो अवसरमा माननीय मन्त्रीज्यूले सन् १९५५ अगष्ट १ मा कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नेपाल र जनवादी गणतन्त्र चीनबीचको सम्बन्ध ऐतिहासिक तथा राजनीतिक एवं साँस्कृतिक रुपमा पनि निकै घनिभूत रहेको स्मरण गर्दै दुई देशबीचको जनस्तरको सम्बन्ध तथा आपसी सहयोगले नेपाल- चीनबीचको सम्बन्धको आयामलाई थप विस्तार गरेको कुरा उल्लेख गर्नुभयो। नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध रहेको र चीन विरोधी कुनैपनि किसिमका गतिविधिका लागि नेपालको भूमिको दुरुपयोग हुन नदिने कुरामा नेपाल सरकार दृढ रहेको स्पष्ट पार्नुभयो।

छलफलका क्रममा माननीय मन्त्रीज्यूले नेपालको सामाजिक तथा आर्थिक विकासका लागि चीन महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रुपमा रहेको र व्यापारको क्षेत्रमा चीन नेपालको दोश्रो ठुलो साझेदार तथा प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्रमा पहिलो लगानीकर्ता मुलुक रहेको उल्लेख गर्दै नेपालको भौतिक तथा व्यापार लजिस्टिक्स पूर्वाधार, अन्तर-आवद्धता, उर्जा, व्यापार, कृषि तथा औद्योगिक विकासका क्षेत्रमा चीनले खेलेको महत्वपूर्ण भूमिकाको सराहना समेत गर्नुभयो। माननीय मन्त्रीज्यूले सन् २०२३ मा नेपाल-चीनका सिमावर्ती अन्तर्राष्ट्रिय एवं द्विपक्षीय नाकाहरु पुनः संचालनमा आएपछि द्विदेशीय व्यापारको मात्रा उल्लेख्य रूपमा बढेको कुरा उल्लेख गर्नुभयो। अति कम विकसित राष्ट्रको रूपमा चीन सरकारद्वारा एकपक्षीय रुपमा नेपाललाई प्रदान गरिएको ड्युटी फ्री, कोटा फ्री सुविधाको लागि महामहिम राजदूत मार्फत् चीन सरकारलाई धन्यवाद दिनुभयो। चिनियाँ सरकारको सहयोगमा रसुवाको टिमुरेमा निर्माणाधीन सुक्खा बन्दरगाह तोकिएको मितिमा सम्पन्न हुने र मुस्ताङ्गको कोरालामा पूर्वाधार विकास गर्ने विषयमा नेपाल र चीन सरकारबीच सैद्धान्तिक रुपमा सहमति भइसकेकाले छिट्टै कार्यन्वयनमा जाने विश्वास व्यक्त गर्नुभयो।

उक्त भेटमा माननीय मन्त्रीज्यूले चीन सरकारको अनुदान सहयोगमा दैलेख जिल्लामा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजना मार्फत पेट्रोलियम अन्वेषण कार्य द्रुत गतिमा अगाडि बढिरहेको जानकारी गराउँदै उक्त सहयोगका लागि चीन सरकारप्रति धन्यवाद ज्ञापन गर्नुभयो। उक्त आयोजना तोकिएको समयमै सम्पन्न गर्न महामहिमको रचनात्मक सहयोग एवं समन्वयको अपेक्षा गर्नुभयो । नेपालले उत्पादन, प्रविधि, पर्यटन, कृषि लगायतका विभिन्न क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने कार्यलाई प्राथमिकतामा राखेको जानकारी गराउँदै गत

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

अप्रिलमा नेपालले आयोजना गरेको लगानी सम्मेलनमा चिनियाँ लगानीकर्ताहरुको उत्साहपूर्ण सहभागिता रहेको र नेपालले यस क्षेत्रमा कानून संसोधन परिमार्जन गरी लगानीको वातावरण बनाएको सन्दर्भमा थप चिनियाँ लगानी आकर्षित हुने विश्वास व्यक्त गर्नुभयो। चीनमा नेपाली उत्पादनको बजार पहुँच विस्तार गर्न र चीनको बजारमा नेपाली वस्तुहरूको प्रवर्द्धन गर्न चीन सरकारसँग सहकार्य गर्न नेपाल सरकार उत्साही रहेको साथै व्यापार मेला, व्यापार प्रतिनिधिमण्डल र द्विपक्षीय सम्झौता जस्ता पहलहरूले यसमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने कुरा उल्लेख गर्नुभयो।

सो अवसरमा महामहिम राजदूतले माननीय मन्त्रीज्यूको पुनर्नियुक्तिमा बधाई दिँदै उँहाको सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। उहाँले उद्योग, वाणिज्य क्षेत्रसँग सम्बन्धित कानूनमा भएको सुधारले थप चिनीयाँ लगानी नेपाल भित्रिनेमा विश्वास व्यक्त गर्दै सुधारको प्रयासलाई निरन्तरता दिनु पर्ने कुरा औंल्याउनु भयो। उहाँले नेपालको चिया तथा कफि निर्यातको राम्रो सम्भावना रहेकेकाले चीनले उपलब्ध गराएको पारवहन सुविधको प्रयोगबाट लाभ लिने तर्फ नेपालले पहल गर्नुपर्ने सुझाव दिनुभयो। साथै, नेपाली उद्यमी, व्यवसायी तथा कर्मचारीलाई क्षमता अभिवृद्धिका अवसरहरु निरन्तर रुपमा उपलब्ध गराउने कुरा समेत उल्लेख गर्नुभयो।

भेटघाटको अवसरमा मन्त्रालयका द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा प्रमुख श्री बाबुराम अधिकारी, बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा प्रमुख श्री देवराज जोशी लगायत मन्त्रालयका अन्य पदाधिकारी, परराष्ट्र मन्त्रालयका कर्मचारी एवम् चिनियाँ दूतावासका पदाधिकारीको समेत सहभागिता रहेको थियो।

मिति: २०८१ साउन १६ गते बुधवार।

सहसचिव एवं प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np

CamScanner